कैलाली कारागार घटना

मृतकको परिवारलाई प्रदेश सरकारले ५ लाख दिने

शिवराज भट्ट | *धनगढी*

सुदूरपश्चिम प्रदेश सरकारले कैलाली कारागारमा झडपमा परी ज्यान गुमाएका भरत चौधरीको परिवारलाई पाँच लाख दिने निर्णय गरेको छ। आइतबार बेलुकी बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकले मृतकका परिवारलाई पाँच लाख दिने निर्णय गरेको को।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले विज्ञप्ति जारी गर्दै झडपमा परी ज्यान गुमाएका धनगढी उपमहानगरपालिका ४ का ४० वर्षका भरत चौधरीको परिवारलाई पाँच लाख दिने निर्णय गरेको जनाएको छ।

मुख्यमन्त्री कमलबहादुर शाहले काठमाडौंबाट फर्केलगत्तै आइतबार बेलुकी प्रदेश मन्त्रिपरिषद् र सुरक्षा अधिकारीहरूको बैठक पनि बोलाएका थिए। प्रदेश सरकारले कारागारलगायतका समग्र आन्तरिक सुरक्षालगायतका विषयमा समन्वयकारी भूमिका निर्वाह गर्ने सन्दर्भमा मुख्यमन्त्री कमलबहादुर शाहको उपस्थितिमा बसेको प्रदेश सुरक्षा समितिको बैठकले घाइतेहरूको सरकारी खर्चमा उपचार गर्ने व्यवस्था मिलाउने निर्णय पनि गरेको छ। घाइते ४९ जनाको सेती प्रादेशिक अस्पताल धनगढीमा उपचार भइरहेको छ। सुरक्षा समितिको बैठकले कारागारभित्र हेलोजन लाइट, सीसी क्यामरा जडान गर्ने र कारागारको छानालगायतको आवश्यक मर्मतसम्भारका कार्य आन्तरिक मामिला तथा कानुन मन्त्रालयले तत्काल सुरु गर्ने निर्णय पनि गरेको छ।

प्रदेश सुरक्षा समितिका सदस्यसचिव तथा आन्तरिक मामिला तथा कानुन मन्त्रालयका उपसचिव आमोद दाहालका अनुसार कारागार प्रशासन र आन्तरिक मामिला तथा कानुन मन्त्रालयको समन्वयमा कारागार सुरक्षाका लागि तत्काल आवश्यक पर्ने उपकरण तथा साधन व्यवस्थापन गर्ने, कारागारमा देखिएका सुरक्षा व्यवस्थापन सम्बन्धमा देखिएका समस्या समाधानका लागि कारागार ऐनमा आवश्यक सुधारका लागि संघीय सरकारलाई अनुरोध गर्ने निर्णय भएको छ।

मन्त्रिपरिषद्ले कारागारमा देखिएका सुरक्षा व्यवस्थापन सम्बन्धमा देखिएका समस्या समाधानका लागि कारागार ऐनमा आवश्यक सुधारका लागि संघीय सरकारलाई अनुरोध गर्ने निर्णय पनि गरेको छ।

कैलाली कारागारभित्र रहेका कैदीबन्दीको संख्या उक्त कारागारको क्षमताभन्दा झन्डै पाँच गुणा बढी देखिएको (क्षमता १ सय ५० जनाको रहेको र हालको मितिमा ६ सय ९९ कैदीबन्दी रहेका) र त्यसका कारण उत्पन्न सुरक्षा चुनौतीहरू न्यूनीकरण गर्न कारागारको क्षमताअनुसार कैदीबन्दी व्यवस्थापनका लागि कारागार विभागसँग समन्वय गर्ने निर्णय पनि भएको छ।

कारागारभित्र जाने खाद्यान्न, तरकारी तथा अन्य वस्तुको निगरानी र चेकजाँच बढाउन कारागार प्रशासन र सुरक्षाकर्मीहरूलाई प्रमुख जिल्ला अधिकारीमार्फत निर्देशन दिइने भएको छ। कारागार कार्यालय, कैलालीमा रहेका कैदीबन्दीको संख्याभन्दा हालको कारागारको क्षमता निकै कम रहेको कारण सुरक्षा चुनौती उच्च देखिएको सन्दर्भमा कारागारको क्षमता वृद्धि गर्न र सुविधासम्पन्न कारागारको पूर्वाधार तथा खुला कारागारको अवधारणा कार्यान्वयन गर्न संघीय सरकार समक्ष अनुरोध गरिने निर्णय गरिएको छ।

प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालय र कारागार प्रशासनबीच समन्वय गरी कारागारभित्र कैदीबन्दीलाई मनोवैज्ञानिक परामर्श र सकारात्मक सोच विकास गर्ने खालका कार्यक्रमहरू सघनरूपमा सञ्चालन गर्ने र कैदीबन्दीका लागि पुस्तकालय सुविधा उपलब्ध गराउने निर्णय पनि भएको छ।

कारागार सुरक्षार्थ खटिने सुरक्षाकर्मीहरूलाई तीन-तीन महिनामा अदलीबदली गर्ने व्यवस्था मिलाइने भएको छ भने कारागार कार्यालय, कैलालीलगायतका प्रदेशभित्रका कारागारहरूमा भोजनगृह, स्नानगृह र शौचालय निर्माण तथा मर्मत कार्यलाई आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सुदूरपश्चिम प्रदेशमार्फत अगाडि बढाउने निर्णय भएको छ।

खटाएको ठाउँमा नजाने कर्मचारीको काटियो हाजिरी

अजवी पौड्याल | *काठमाडौं*

खटाएको स्थानमा नजाने गृह मन्त्रालयका १५ कर्मचारीको हाजिरी काटिएको छ। गृह मन्त्रालयले सरुवा/पदस्थापन गरिएको कार्यालयमा निर्णय भएको एक महिनासम्म पनि नगएपछि गृह मन्त्रालयमा रहेको उनीहरूको डिजिटल र रजिस्टरको हाजिरी काटिएको हो। यही साउन १५ गते गृह मन्त्रालयले एक सूचना जारी गर्दै मन्त्रालयमा जगेडामा रहेका उनीहरूलाई पदस्थापना भएको कार्यालयमा उपस्थित हुनका लागि २४ घण्टे उर्दी जारी गरेको थियो।

हाजिरी काटिने कर्मचारीमा ४ जना नायब सुब्बा र ११ जना शाखा अधिकृत रहेका छन्। २४ घण्टे उर्दी जारी भएपछि ७ जना शाखा अधिकृत र १ जना नायब सुब्बा सम्बन्धित कार्यालयमा हाजिर भएका थिए। तोकिएको स्थानमा जाने शाखा अधिकृतहरूमा सुजन शुभ भ्लोन, चिरञ्जीवी जीएम, जानुकाकुमारी पोखरेल, भीमकुमार बस्नेत, न्युटन लम्साल, फर्सुराम भट्टराई र रेनुकाकुमारी पाण्डे छन्। एक नायब सुब्बा तोकिएको स्थानमा गएका छन्। अटेर गरी मन्त्रालयमै बस्ने १५ जनालाई दबाब स्वरूप यही साउन २० गतेबाट लागू हुनेगरी हाजिरी काटिएको गृहमन्त्रालय स्रोतले बताएको छ। एक महिनासम्म खटाएको स्थानमा नगएपछि गृह मन्त्रालयले ४ जना नायब सुब्बा र ११ जना शाखा अधिकृतको हाजिरी काटेको हो। गृह मन्त्रालयमा हाजिरी काटिने शाखा अधिकृतहरूमा मानकुमार बुढा, भागवतप्रसाद रेग्मी, शिला तिमसेना, युगेशकुमार यादव, बाबुराम पन्थी, दलबहादुर बस्नेत, मोहनप्रसाद निरौला, आनन्द विष्ट, सुन्दर बान्तवा, युवराज कट्टेल, खगराज गौतम र ४ जना नायब सुब्बाहरू छन्। नायब सुब्बाहरू कमल आचार्य, कृष्ण भट्टराई, विष्णु पौडेल, रामबाबु बराल र सुवास पौडेल रहेका छन्।

गृह मन्त्रालयअन्तर्गत प्रशासन महाशाखाका सहसचिव छवि रिजालका अनुसार गृह मन्त्रालय मातहतको काम निकै संवेदनशील हुन्छ। यसको सुरक्षा र गम्भीरताका दृष्टिकोणले गृह प्रशासनको कामको प्रकृति संवेदनशील हुन्छ। रिजाल अगाडि भन्छन्, 'समयमा कर्मचारी गएनन् भने सेवाग्राहीले दुःख पाउँछन्, सास्ती पाउँछन्। पोस्टिङ गरेको ठाउँमा छिटो जानका लागि प्रेसर दिएको हो। गृह मन्त्रालयमा जगेडामा रहेका उनीहरू सबै जनाले काठमाडौं उपत्यकामै पोस्टिङ मागेका छन्। सबैलाई सुविधा चाहियो। सबैलाई सधैं काठमाडौंमा राख्न सम्भव हुन्न नि।'

केही समयअघि गृह मन्त्रालयअन्तर्गत अध्यागमन विभागमा ४५ जना शाखा अधिकृतको सरुवा गरिएको छ। सामान्य प्रशासन मन्त्रालयले नयाँ शाखा अधिकृत पठाएपछि त्यहाँबाट ४५ जना शाखा अधिकृत गृह मन्त्रालय फर्किएका थिए। यी ४५ मध्ये केहीलाई गृहमन्त्रालय त केहीलाई सामान्य प्रशासन मन्त्रालयले नै विभिन्न स्थानमा पोस्टिङ गरेको थियो। काठमाडौंबाहिर पोस्टिङ भएका कर्मचारीले अटेर गरेर गृहमन्त्रालयमै बसेका थिए।

१६ उपसचिव र ५ सहसचिव जगेडामा

गृह मन्त्रालय स्रोतका अनुसार अहिले मन्त्रालयअन्तर्गत १६ जना उपसचिव र ५ जना सहसचिव जगेडामा रहेका छन्। गृहमन्त्रालयका सहसचिव छवि रिजाल भन्छन्, 'यहाँ जगेडामा रहेका सहसचिवको बाहिर दरबन्दी नै छैन। दरबन्दीभन्दा बढी भएका कर्मचारीहरू सामान्य प्रशासन तथा गृह मन्त्रालयमा बस्ने गरेका छन्। यहाँ कहिलेकाहीँ बाहिरी जिल्लामा जिम्मेवारीमा रहेका सहसचिव तत्कालै फर्काउनुपर्ने अवस्थामा जगेडामा रहेका कर्मचारी पठाएर पदपूर्ति गर्ने चलन छ। कुनै ठूला घटना भइहाल्यो भने तुरुन्तै जिम्मेवारी दिएर पठाउनुपर्ने हुन्छ। यस्तै अवस्थाका लागि केही सहसचिव र उपसचिव मन्त्रालयमा जगेडामा राख्ने प्रचलन छ। अहिले भएको संख्या चाहिँ दरबन्दीभन्दा बढी भएको हो।'

अवकाशको...

यो ऐन प्रारम्भ भएको दोस्रो आर्थिक वर्ष ५८ वर्ष उमेर पूरा हुने निजामती कर्मचारीले ५९ वर्ष उमेर पुरा भएपछि अवकाश पाउनेछन्।

तर, राष्ट्रियसभामा ऐन प्रारम्भ भएलगत्तै लागू गर्ने चलखेल भइरहेको छ। यसरी तत्कालै किस्ताबन्दीमा उमेरहद बढाउँदा उच्चपदस्थ कर्मचारीको एक वर्ष जागिर लम्बिन्छ। यो व्यवस्थाले मुख्यसचिव, केही सचिव र सहसचिवसहित ५०/६० जना जतिको एक वर्ष जागिर लम्बिने देखिएको छ। मुख्यसचिव एकनारायण अर्याल आगामी मंसिर १० गते अवकाश हुँदैछन्। त्यस्तै, गृहसचिव गोकणमणि दबाडी पनि मंसिर १० मा नै घर जाँदै छन्।

त्यस्तै, ऊर्जा, जलस्रोत तथा सिँचाइ सचिव सुरेश आचार्य, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कानुन सचिव फणीन्द्र गौतम, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सचिव भरतमणि सुवेदी, राष्ट्रिय योजना आयोगका सचिव सुमनराज अर्याल, उद्योग वाणिज्य तथा आपूर्ति सचिव रामप्रसाद घिमिरे, युवा तथा खेलकुद मन्त्रालयका सचिव डा.हरिप्रसाद लम्साल, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्मा, कृषि तथा पशुपन्छी मन्त्रालयका सचिव दीपककुमार खराल, राष्ट्रिय सतर्कता केन्द्रका सचिव रामआधार साह, खानेपानी मन्त्रालयकी सचिव प्रमिलादेवी बज्राचार्य र राष्ट्रिय तथ्यांक कार्यालयका प्रमुख तथ्यांक अधिकारी मधुसूदन बुर्लाकोटी, श्रम रोजगार तथा यातायात मन्त्रालयका सचिव कृष्णहरि पुस्कर तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको विशेष दरबन्दीमा रहेका सचिव खगेन्द्रप्रसाद नेपाल यही आर्थिक वर्षमा अवकाश हुँदैछन्।

त्यस्तै, सहसचिवहरू खगेन्द्रप्रसाद सुवेदी, यज्ञराज कोइराला, दामोदर गौतम, कविराज पौडेल, राजुराज कडरिया, दीर्घराज मैनाली, शिशिर कोइराला, शिवप्रसाद पोखरेललगायतको पनि २०८२/८३ भित्रै अवकाश हुँदैछन्। तत्काल नै यो ऐन बनाएर प्रारम्भ भएको वर्ष ५९ बनाएर फाइदा लिन उच्च पदस्थ कर्मचारीहरू नै लागेका छन्। र, लबिङ पनि उनीहरूले नै गरिरहेका छन्। कुलिङ पिरियड र उमेरहदको विषय पनि बार्गेनिङको विषय बनाइएको पनि चर्चा छ।

कसलाई बेफाइदा

पुरुष ३५ र महिला ४० वर्ष उमेरहद पुग्न लागेकाहरूलाई घाटा हुनेछ। किनभने उनीहरूले लोक सेवाको परीक्षा दिन पाउने छैनन्। करिब ४ लाख परीक्षार्थी विज्ञापन नखुल्ने कारण परीक्षा दिने अवसरबाट वञ्चित हुने छन्। करिब २०/२५ हजार नयाँ भर्नाको अवसर रोकिने छ। लामो समयदेखि बढुवाको पालो कुरेर बसको करिब २ हजारभन्दा बढी सेवारत कर्मचारीको बढुवा प्रभावित हुने छ। कर्मचारी कर्मचारी द्वन्द्व चर्काउने, उच्चपदस्थ र तलका कर्मचारीको बीचमा भेद बढाउने काम हुनेछ। चेन अफ कमान्डमा दीर्घकालीन समस्या आउने देखिएको छ।

प्रतिष्ठानहरूलाई ठगी खाने भाँडो बनाए, पार्टी मातहत ल्याउनुपर्छ : प्रधानमन्त्री

ललितपुर (अन्नपूर्ण) : प्रधानमन्त्री केपी शर्मा ओलीले पार्टीका नेताहरूका नाममा खोलिएका प्रतिष्ठानहरू ठगी खाने भाँडो भएको आरोप लगाएका छन्।

मदन-आश्रित स्मृति प्रतिष्ठानका नवनिर्वाचित अध्यक्ष प्रदीपकुमार ज्ञवालीको सपथ ग्रहण कार्यक्रमलाई सम्बोधन गर्दै एमाले अध्यक्षसमेत रहेका ओलीले व्यक्तिगत नाममा खोलिएका प्रतिष्ठानहरूलाई ठगी खाने भाँडो बनाइएको बताएका हुन्। 'भक्तपुर हो कि कता हो कम्युनिस्ट पाठशाला बनाइएको छ। त्यो व्यक्तिको हो कि, परिवारको हो। श्रीमान्-श्रीमतीको हो कि, आन्दोलनका लागि हो कि ? ठगी खाने भाँडोका रूपमा खोलेका छन्। त्यस्तो हुनु हुँदैन। त्यस्ता प्रतिष्ठान-संस्थाहरू पार्टीअन्तर्गत खोलिनुपर्छ,' उनले भने। उनले मदन भण्डारी फाउन्डेसन पनि पार्टीको नभई व्यक्तिगत रूपमा खोलिएको बताए। 'मदन भण्डारी फाउन्डेसन पनि अर्कै ढंगले बनेको हो। उहाँहरूले बनाउनुभएको हो। हेरौं कहाँ पुग्छ,' उनले भने।

प्रधानमन्त्री ओलीले त्यस्ता संस्थाहरूमा पार्टीकै नेताहरूले नेतृत्व गर्नुपर्ने बताए। उनले पार्टी मातहतमा रहे क्षमतावान् व्यक्तिहरूले मौका पाउने पनि बताए। उनले प्रदीप ज्ञवालीलाई आफूले गुरु भन्ने गरेको बताउँदै मदन-आश्रित स्मृति प्रतिष्ठानमा सही नेतृत्व आएको बताए। 'प्रदीप यस्तो मान्छे हुनुहुन्छ, मैले पनि उहाँलाई गुरु भन्छु। उहाँले सही नेतृत्व गर्नुहुन्छ भन्नेमा म ढुक्क छु,' उनले भने।

उनले मदन भण्डारी र जीवराज आश्रित दुर्घटनामा पर्दा आफू धनगढीमा रहेको र त्यसपछि बसमा फर्किएको बताए।

'दुर्घटना भएको दिन राति ३ बजे खबर आयो। हामीले सानोतिनो दुर्घटना भयो होला भन्ने ठान्यौं। हामी सुदूरपश्चिम भ्रमणमा निस्किएका थियौं। खबर आउँदा धनगढीमा थियौं। त्यसपछि हामी बसमा काठमाडौं फर्कियौं। ६ गते शव प्राप्त भयो। ८ गते दाहसंस्कार गरियो। ९ गतेको केन्द्रीय कमिटीको बैठकले मदन-आश्रित प्रतिष्ठानको गठन गऱ्यो', उनले भने। प्रतिष्ठानका तत्कालीन अध्यक्ष प्रदीप नेपालको गत वैशाख २३ गते निधन भएकाले प्रतिष्ठानको यही साउन २३ गतेको ३१ औं साधारणसभाबाट एमालेका उपमहासचिव ज्ञवालीलाई अध्यक्ष निर्वाचित गरेको थियो।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरुरी
(प्रकाशित मिति : २०८२/०४/२७)

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल पोष्ट बक्स नं ३४१२
फोन न.: ५३२८२२९, ५३४२५३०
इमेल: info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)को तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसंग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण बेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ। **अत : यो सूचना प्रकाशित भएको मितिले ०७ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण सांवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोवन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्वद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

बोलपत्र पेश गर्ने अन्तिम मिति
२०८२/०५/०२

बोलपत्र खोलिने मिति
२०८२/०५/०३ दिउँसो ३ बजे

तपसिल

क्र.सं.	ऋणी/प्रोपाइटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण	धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण
१.	**ऋणी : आर.एण्ड आर. फेन्सी एण्ड कस्मेटिक सेन्टर (साना तथा मझौला उद्यम व्यवसाय कर्जा) -शाखा कार्यालय हाकिमचोक** प्रा.फ.द.नं. : ७६१/०७२/०७३, ठेगाना : भरतपुर उ.म.न.पा. ०३, चितवन **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. लक्ष्मी शर्मा -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ४११०३९/६६९०७, मिति २०६४/०४/२४ मा जि.प्र.का. गुल्मीबाट जारी भएको) पति : खुमराज शर्मा, ससुरा : मणीश्वर शर्मा **२. खुमराज शर्मा -जमानीकर्ता** (ना.प्र.नं. ५८७५, मिति २०५५/०८/२० मा जि.प्र.का. गुल्मीबाट जारी भएको), बाबु : मणीश्वर शर्मा, बाजे : लक्ष्मीधर शर्मा **३. मणीश्वर शर्मा -जमानीकर्ता** (ना.प्र.नं. २०२४, मिति २०४३/१२/२७ मा जि.प्र.का. गुल्मीबाट जारी भएको), बाबु : लक्ष्मीधर शर्मा, बाजे : त्रिलोचन शर्मा **४. नर्मदा उपाध्याय -जमानीकर्ता** (ना.प्र.नं. ९७७, मिति २०४४/११/१२ मा जि.प्र.का. गुल्मीबाट जारी भएको), पति : मणीश्वर शर्मा, ससुरा : लक्ष्मीधर शर्मा **५. मनोज शर्मा -जमानीकर्ता** (ना.प्र.नं. ४११०३४/७५७५०, मिति २०६५/०९/०९ मा जि.प्र.का. गुल्मीबाट जारी भएको) बाबु : मणीश्वर शर्मा, बाजे : लक्ष्मीधर शर्मा	लक्ष्मी शर्माको नाममा चितवन जिल्ला मालपोत कार्यालय चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, पदमपुर गा.वि.स./न.पा. वडा नं. ६ स्थित कि.नं. १२२९ (०-०-१६.२५-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। नोट : बोलपत्र खोलिने स्थान : शाखा कार्यालय हाकिमचोक, चितवन

धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनावाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन्।

"Access to All"
गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था

केन्द्रीय कार्यालय: काठमाण्डौ-२, लाजिम्पाट
फोन : ०१-४५४५४२४/२५/२६
वेभसाइट: www.garimabank.com.np

गरिमा विकास बैंक लिमिटेडको गैर बैंकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

(सूचना प्रकाशित मितिः २०८२/०४/२७)

गरिमा विकास बैंक लिमिटेडको स्वामित्वमा रहेको तपसिल बमोजिमको गैर बैंकिङ्ग सम्पत्तिहरु जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट उपलब्ध गराईने बोलपत्र फाराममा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस) दिनभित्र** कार्यालय समयमा विकास बैंकको केन्द्रीय कार्यालय, लाजिम्पाट काठमाण्डौ, क्षेत्रीय कार्यालयहरु वा आफूलाई पायक पर्ने शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र फाराम रितपूर्वक भरी पेश गर्नुहुन आव्हान गरिन्छ। विकास बैंक समक्ष प्राप्त हुन आएका बोलपत्रहरु तपसिलमा उल्लेखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलकबोलकर्ता वा निजको आधिकारीक प्रतिनिधिहरुलाई यसै सूचनाद्वारा सूचित गरिएको छ। थप जानकारीको लागि कार्यालय समयभित्र विकास बैंकको केन्द्रीय कार्यालय, लाजिम्पाट काठमाण्डौमा सम्पर्क गर्न सकिनेछ।

तपसिल

क्र.सं.	शाखा कार्यालय	सम्पत्तिको विवरण	सम्पत्तिको प्रकार
१	धादिङबेशी शाखा	मालपोत कार्यालय धादिङबेशी धादिङमा गरिमा विकास बैंकको नाममा दर्ता श्रेस्ता कायम रहेको धादिङ जिल्ला मुरलीभञ्ज्याङ्ग गा.वि.स.२/छ स्थित कि.नं.२८५ को क्षेत्रफल ०-१५-२-१ (रोपनी) भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	घर/जग्गा
	धादिङबेशी शाखा	मालपोत कार्यालय धादिङबेशी धादिङमा गरिमा विकास बैंकको नाममा दर्ता श्रेस्ता कायम रहेको धादिङ जिल्ला मुरलीभञ्ज्याङ्ग गा.वि.स. २/झ स्थित कि.नं. ३६, ४०, ५०, ५२, ३८१ र ३७८ को क्षेत्रफल क्रमशः १-८-३-२, ०-१०-०-१, ५-५-१-०, ३-१३-०-३, ०-११-२-० र ०-८-२-० (रोपनी) भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	घर/जग्गा
२	धादिङबेशी शाखा	मालपोत कार्यालय धादिङबेशीमा गरिमा विकास बैंकको नाममा दर्ता श्रेस्ता कायम रहेको धादिङ जिल्ला मुरलीभञ्ज्याङ्ग गा.वि.स. २/ङ स्थित कि.नं. १०१५ र १०१० को क्षेत्रफल क्रमशः ०-३-१-०.५ र ०-२-२-० (रोपनी) भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	घर/जग्गा
३	हेटौंडा शाखा	मालपोत कार्यालय मकवानपुरमा गरिमा विकास बैंकको नाममा दर्ता श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला हेटौंडा न.पा.-८, स्थित कित्ता नं. ८१७१ को क्षेत्रफल ०-०-१८ (विघा) भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	घर/जग्गा
४	सुनवल शाखा	मालपोत कार्यालय परासी, नवलपरासी (ब.सु.प.) मा गरिमा विकास बैंकको नाममा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी जिल्ला सुनवल गा.वि.स. वडा नं. ४/ग स्थित कित्ता नं. २१११ को क्षेत्रफल ०-२-१०-० (बिघा) को घर/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	जग्गा
५	चन्द्रगढी शाखा	मालपोत कार्यालय भद्रपुर झापामा गरिमा विकास बैंकको नाममा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला चन्द्रगढी ६, स्थित कित्ता नं ३९७० को क्षेत्रफल ०-२-०-० (बिघा) को घर/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	घर/जग्गा
६	दलदले शाखा	मालपोत कार्यालय कावासोती (ब.सु.पू.) मा गरिमा विकास बैंकको नाममा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी जिल्ला प्रगतिनगर गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं ५१० को क्षेत्रफल ०-१-१५.७५-० (बिघा) को घर/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	जग्गा
७	कावासोती शाखा	मालपोत कार्यालय कावासोती नवलपरासी (ब.सु.पू.) मा गरिमा विकास बैंकको नाममा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी जिल्ला प्रगतिनगर गा.वि.स. वडा नं. ९/ग स्थित कित्ता नं. ९३२ र ९३४ को क्षेत्रफल क्रमशः ०-१-०-०, ०-१-१५.५-० (बिघा) को घर/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	जग्गा
८	सुर्खेत	मालपोत कार्यालय कावासोती नवलपरासी (ब.सु.पू.) मा गरिमा विकास बैंकको नाममा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी जिल्ला प्रगतिनगर गा.वि.स. वडा नं. २/क स्थित कित्ता नं ३१२ को क्षेत्रफल १०१५.७५ (ब.मि.) को घर/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	जग्गा
९	हेटौंडा शाखा	मालपोत कार्यालय हेटौंडा, मकवानपुरमा गरिमा विकास बैंकको नाममा दर्ता श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला हेटौंडा न.पा. ३ स्थित कित्ता नं ७४३ र ७४४ को क्षेत्रफल क्रमशः ०-०-३.२५-० र ०-०-३.२५-० (बिघा) को घर/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	घर/जग्गा

शर्त बन्देजहरु :

१. गोप्य शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ३५ दिन (मितिः २०८२/०५/३०) भित्र विकास बैंकका शाखा कार्यालयहरु वा क्षेत्रीय कार्यालयहरु वा प्रधान कार्यालयमा आइपुग्ने गरी पेश गर्नु पर्नेछ।
२. प्राप्त बोलपत्रहरु मिति २०८२/०६/०२ गते बिहीबार दिनको ५:०० बजे विकास बैंकको केन्द्रीय कार्यालयमा उपस्थित प्रतिनिधि, बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाइएका सबै प्रतिनिधि, बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भएपनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन।
३. बोलपत्र बुझाउने/बोलपत्र खोल्ने अन्तिम दिन बिदा परेमा लगत्तै विकास बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ।
४. उल्लेखित सम्पत्ति जे-जस्तो अवस्था र परिमाणमा रहेको छ बोलपत्रदाताले सोही अवस्था र परिमाणमा खरिद गरी लिने गरी बोलपत्र पेश गर्नु पर्नेछ।
५. बोलपत्रदाताले आफुले खरिद गर्न चाहेको सम्पत्तिको बोलपत्रमा कबोल गरेको अंकको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत बैंकमा बुझाएको सक्कल रसिद, भौचर वा सो रकम बराबरको विकास बैंकको नाममा खिचिएको Good for payment cheque/manager cheque शिलबन्दी बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ।
६. बोलपत्रमा आफुले कुन-कुन सम्पत्ति के-कति दर र